नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तनहुँ

☎ ०६५ ५६३१३३, ५६३१०७, ५६३१०९

पत्र संख्याः- २०८२/८३

# हार्दिक आभार

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ तनहुँ जिल्लामा शान्तिपूर्ण, मर्यादित, भयरहित, विश्वसनीय र उत्साहजनक रुपमा मिति २०८२।११।२१ मा मतदान सम्पन्न भएपछि सोही दिन रातीदेखि नै मतगणना शुरु गरी आज मिति २०८२।११।२५ मा प्रत्यक्ष र समानुपातिक प्रणाली दुवै तर्फको मत परिणाम समेत सार्वजनिक भईसकेको छ। प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ सफल बनाउन सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवालाहरु प्रति जिल्ला सुरक्षा समिति,तनहुँ आभार प्रकट गर्दछ। निर्वाचन सम्पन्न गर्न निरन्तर मार्ग निर्देशन र हौसला प्रदान गर्ने निर्वाचन आयोग, गृह मन्त्रालय, केन्द्रीय सुरक्षा समिति, केन्द्रीय कमाण्ड पोष्ट, प्रदेश कमाण्ड पोष्ट एवम् निर्वाचन सेलका सम्पूर्ण पदाधिकारीज्यूहरु प्रति हार्दिक कृतज्ञ छौं।

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ सम्पन्न गर्न दिनरात खटिनुभएका जिल्लास्थित सुरक्षा निकायका पदाधिकारीहरु, सुरक्षा पट्रोलिङ, स्ट्राइकिङ, सूचना संकलन/मतदान केन्द्रमा खटिने सुरक्षाकर्मीहरु र निर्वाचन प्रहरीहरुले उत्कृष्ट कार्यसम्पादन गर्नु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं। निर्वाचन व्यवस्थापन, आचारसंहिता पालना र मतदान व्यवस्थापनमा निरन्तर खटिई महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने मूख्य निर्वाचन अधिकृतज्यू, निर्वाचन अधिकृतज्यू, जिल्ला निर्वाचन अधिकारी, अनुगमन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृत, मतदान प्रकृयामा संलग्न सम्पूर्ण कर्मचारी र शिक्षक मित्रहरु, स्वयमंसेवक तथा पर्यवेक्षकहरु साथै निर्वाचन व्यवस्थापन, स्रोत साधन र जनशक्ति व्यवस्थापन गर्न सहयोग गर्नुहुने सबै जनप्रतिनिधिज्यूहरु, नियमित, तथ्यपूर्ण र विश्वसनीय सूचना प्रवाह गर्ने सम्पूर्ण सञ्चारकर्मी मित्रहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं। साथै सबै राजनीतिक दल, उम्मेदवार, उद्यमी, व्यवसायी, नागरिक समाज, आममतदातालाई प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ सम्पन्न गर्न महत्वपूर्ण योगदान गर्नुभएकोले जिल्ला सुरक्षा समिति, तनहुँका पदाधिकारी हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

अन्तमा, निर्वाचन सम्पन्न गर्न सबै सरोकारवालाहरुले प्रदर्शन गर्नुभएको सहिष्णुता, एकता र भाईचारापूर्ण व्यवहार निरन्तर प्राप्त हुने विश्वास लिएका छौं। धन्यवाद।

(दिपक रेग्मी)
स.प्र.जि.अ.

(मनोज ढकाल)
उप-अनुसन्धान निर्देशक

(श्रीराम कुँवर)
सशस्त्र प्रहरी उपरिक्षक

(टेक बहादुर कार्की)
प्रहरी उपरिक्षक

(हरि खड्का)
प्रमुख सेनानी

(शिवलाल तिवारी)
प्रमुख जिल्ला अधिकारी

मितिः- २०८२।११।२५

प्रमुख जिल्ला अधिकारी